# १. ओखलढुंगा जिल्लाका सभापति तथा स्थानीय विकास अधिकारी श्री शत्रुघ्न प्रसाद पुडासैनीबाट गणतन्त्र प्राप्ति पछिको सातौं जिल्ला परिषद्द्वारा पारित आ.व. २०७२।७३ को नीति, कार्यक्रम तथा बजेट सम्वन्धमा ।

जिल्ला विकास समिति ओखलढुंगाको आ.व. २०७०/७१ को यथार्थ, २०७१/७२ को संशोधन र आ.व. २०७२/७३ को अनुमान सहित देहायबमोजिम प्रस्तावित नीति, योजना तथा कार्यक्रम र वजेट पारित गर्ने निर्णय गरियो ।

## १.१ योजना तर्जुमाका आधार, नीति, योजना तथा कार्यक्रम र वजेट

### १.१.१ जिल्ला विकास योजना तर्जुमाका आधारहरु

सहस्राब्दी विकास लक्ष्य, नेपालको अन्तरिम संविधान २०६३, राष्ट्रिय योजना आयोगद्धारा तर्जुमा गरिएको चालु तेह्रौ योजना, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, राष्ट्रिय योजना आयोगद्धारा पठाईएको मार्गदर्शन तथा बजेट सिलिङ्ग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा पठाईएका मार्गदर्शन, नीतिगत निर्णयहरु, आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत नीति तथा कानुनी व्यवस्थालाई समेत वार्षिक जिल्ला विकास योजना तर्जुमाका प्रमुख आधारको रुपमा लिईएको छ ।

### १.१.२ मूख्य मूख्य उपलब्धीहरु

बहुप्रतिक्षित सुनकोशी नदीको पक्की पुल यसैवर्ष सम्पन्न भई यातायात सुचारु भईसकेको हुँदा जिल्लाको सडक पहुँच तराई र राजधानीसँग सहज भएकोछ । यसले जिल्लाको विकासमा अवश्यै नयाँ गति दिनेछ । SDC को विकास सहयोगमा निकट भविष्यमा ७ वटा मोटरेवल पूलहरु सम्पन्न हुने क्रममा रहेका छन् । SDC को सहयोगमै स्थानीय सडक सुधार कार्यक्रम (LRIP), साना सिन्चाई कार्यक्रम (SIP) हरु यसै वर्ष देखि सञ्चालन हुने क्रममा रहेकाछन् । यी कार्यक्रमहरुले जिल्लाको सडक सुधार, नयाँ निर्माण एवम् कृषिक्षेत्रको आमुल परिवर्तन भई जीवनस्तरमा सुधार हुने विश्वास गरेकोछु । स्थानीय सेवा प्रवाहलाई जनताको सरल र सहज पहुँचमा पुर्‍याउन जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाको पश्चिमी क्षेत्रलाई समेटने गरी गाम्नाङटार र पूर्वी क्षेत्रलाई समेटने गरी खानीभञ्ज्याङमा एकीकृत घुम्ती सेवा सञ्चालन गरी लामो समयदेखि सार्वजनिक सेवाबाट बञ्चित जनसंख्याले प्रत्यक्ष लाभ प्राप्त गरेको ब्यहोरा जानकारी गराउँदछु ।

### १.१.३ चुनौतीहरु

जिल्लामा उपलब्ध सिमित स्रोत साधनबाट असिमित जनअपेक्षालाई सन्तुलित रुपमा सम्बोधन गर्न नसक्नु प्रमुख चुनौतीको रुपमा रहेकोछ । परम्परागत तथा निर्वाहमूखी कृषि प्रणालीका कारण उत्पादन र उत्पादकत्वमा कमी आउनु, स्थानीय निकायमा निर्वाचित राजनैतिक नेतृत्वको रिक्तताका कारण उत्पन्न जवाफदेहिता र उत्तरदायित्वको अभाव, सहभागितामूलक योजना पद्धतिको प्रभावकारी कार्यान्वयन नहुँदा योजनागत अनुशासन खस्किदै जानु, जिल्ला सदरमुकाम तथा अन्य प्रमुख बजार क्षेत्रहरुमा बाह्रै महिना सडक यातायात संचालन हुन नसक्दा आवतजावत र ढुवानीमा कठिनाईका कारण उपभोग्य तथा निर्माण सामग्रीको लागत उच्च हुनु, श्रमको उचित सम्मान नहुँदा कृषि तथा अन्य श्रममूलक कार्यमा युवा जनशक्तिलाई आकर्षित गर्न नसक्नु, जिल्लामा दक्ष जनशक्तिको विकास नहुनु, रोजगारीका अवसरमा वृद्धि गर्न नसक्नु, स्थानीयस्तरको सेवा प्रवाहलाई अपेक्षाकृत रुपमा प्रभावकारी बनाउन नसक्नु आदि विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरु हुन ।

### १.१.४ अवसरहरु

आवधिक जिल्ला विकास योजना तथा जिल्ला सडक गुरु योजना कार्यान्वयन भईरहेको, राजनैतिक दलहरुको वीचमा सहमति र सहकार्यको वातावरण रहेको, SDC ले विकास साझेदारको रुपमा अग्रणी भूमिका निर्वाह गरिरहेको, पर्यटन विकासमा प्रचुर संभावना रहेको, अदुवा/अलैची/बेसार जस्ता बहुक्षेत्रगत नगदेवाली र चिराइतो/टिमुर/पाखनवेत जस्ता जडिबुटीहरुको सम्भावना रहेको, मध्यपहाडी लोकमार्ग र सुनकोशी नदीमा पक्की पूल बनीसकेकाले यातायात पहुँच लगत्तै कृषिमा विविधिकरण र व्यवसायीकरणको सम्भावना रहेको, साना, मझौला तथा जलाशययुक्त ठुला जलविद्युत आयोजना सञ्चालन गर्न सकिने नदीहरु रहेका, सकारात्मक सोच भएका परिश्रमी जनताहरु वाहुल्य रहेकाले यसलाई विकासको सम्भावनाको रुपमा लिएकोछु ।

### १.१.५ नीतिगत प्राथमिकता

- कृषि तथा पशुपालन क्षेत्रको विकास, विस्तार, विविधिकरण र व्यवसायिकरण गर्ने ।
- सवै गा.वि.स. हरुलाई जिल्ला सडक सञ्जालसँग जोडने ।
- पर्यटकीय पूर्वाधारको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरी पर्यटन प्रवर्द्धन गर्ने र गुरुयोजना निर्माण गर्ने ।
- जलविद्युत तथा वैकल्पिक उर्जाको विकास एबम् विस्तार गर्ने ।
- सन् २०१६ भित्र जिल्लालाई खुला दिशामूक्त क्षेत्र र जिल्लाका सवै बालवालिकाहरुलाई पूर्ण खोप दिएको सुनिश्चिता गर्ने ।
- विकास क्रियाकलापको पारदर्शिता र योजनागत अनुशासन कायम गरी विकास प्रभावकारिता हासिल गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउने ।
- आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको ब्यवस्था मिलाउने ।

### १.१.६ जिल्लाको समग्र विकासका लागि लिईएका जिल्लास्तरीय क्षेत्रगत नीतिहरु

### १. शान्ति, सुरक्षा र विकास

१.१ शान्ति र विकासलाई एक अर्काका पर्यायकारुपमा लिई जिल्लाको विकासलाई प्रभावकारी बनाईनेछ ।

१.२ प्रशासन र सुरक्षा निकायसंग समन्वय गरी यस अघि आन्तरिक राजश्व बृद्धि गर्नका लागि भएको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा जिल्लाको आन्तरिक आयबृद्धि गरिनेछ ।

१.३ जिल्लास्तरीय सरकारी एबम् गैरसरकारी निकायहरुवाट प्रवाह भईरहेको सेवालाई प्रभावकारी बनाउन सहकार्यत्मकरुपमा यी निकायहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

१.४ सार्वजनिक सेवामा नागरिकको सहज पहुँच पुर्‍याई शान्ति सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाउन खिजीफलाटे, फूलवारीको घोराखोरीमा इलाका प्रशासन कार्यालय स्थापना गर्न जोड दिईनेछ । यसैगरी जिल्लाका विभिन्न स्थानमा रहेका सुरक्षा इकाईहरुलाई स्तरोन्नती, सवलीकरण र विस्तार गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

### २. सडक

२.१ मोटरबाटोहरु निर्माण गर्दा जिल्ला यातायात गुरुयोजना र आवधिक जिल्ला विकास योजनाले निर्दीष्ट गरेका सडकहरुलाई प्राथमिकता दिइनेछ ।

२.२ ग्रामीण सडकहरुको निर्माण गर्दा रणनीतिक महत्वका, प्राविधिक दृष्टीले उपयुक्त देखिएका, सघन जनघनत्व रहेको र धेरै बस्ती समेट्ने, स्थानीय उत्पादनलाई सहज वजार पहुँच कायम गराउने किसिमका सडकहरुलाई प्राथकिता दिईनेछ ।

२.३ जिल्लास्तरीय सडकहरुको नियमित संचालन र मर्मत संभारको लागि मर्मत संभार कोष स्थापना गरी परिचालन गरिनेछ ।

२.४ जिल्ला भित्र निर्मित सडकहरुको अभिलेख व्यवस्थित गर्न Road Inventory तयार गरिनेछ र यस्ता सडकहरु को Right of Way जिविसको नाममा कायम गराउदै लगिनेछ ।

२.५ जिल्ला सडक संजालसंग नजोडिएका गाउँ विकास समितिहरुलाई क्रमशः जिल्ला सडक संजालसंग जोडने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

२.६ शहरीकरण उन्मुख क्षेत्रमा व्यवस्थित शहरीकरणलाई टेवा पुऱ्याउने किसिमका मापदण्डमा आधारित चक्रपथ निर्माण गर्दै लगिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

३.१ जलश्रोतको बहुउपयोग र खानेपानी सेवा पुऱ्याउन बाँकी क्षेत्र तथा जनसंख्याहरुको पहिचान गर्न जिल्लाको जलउपयोग गुरुयोजना तयार गर्ने कार्यको शुरुवात गरिनेछ ।

३.२ घनावस्ति तथा शहरोन्मुख गा.वि.स.हरुमा गुणस्तरीय, भरपर्दो, पहुँचयोग्य र आवश्यक परिमाणमा खानेपानीको सुविधा पुऱ्याउँन साना शहरी खानेपानी आयोजना तथा सहलगानी जस्ता आयोजनाद्धारा आयोजनाहरु कार्यान्वयन गर्न उपभोक्ताहरुलाई प्रेरित गरिनेछ ।

३.३ भौगोलिक रुपमा सहज नभएका साथै पानीको मुलहरु नभएका बस्तिहरुमा बर्षातको पानी संकलन गर्ने प्रबिधिलाई प्रवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।

३.४ जिल्ला स्थित खानेपानी तथा सरसफाईसँग सम्बन्धित विभिन्न सँघ सस्थाहरुले खानेपानीसँग सम्बन्धित आ-आफ्नो वार्षिक कार्यक्रम खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा तथ्याङ्क अद्यावधिक गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३.५ सरोकारवाला संघ संस्थाको सहकार्यमा शौचालय निर्माण एवम् सरफाईका कार्यक्रमहरु संचालन गरी सन २०१६ भित्र जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिनेछ ।

३.६ खानेपानी आयोजनामा पम्पिङ्ग प्रणालीको लागि आवश्यक पर्ने विद्युत महसुलमा अनुदान दिने सरकारी नीति रहेकाले ग्राभिटी प्रणालीबाट खानेपानी सेवा उपलव्ध गराउन नसकिने वस्तीहरुमा पम्पिङ्ग प्रणालीबाट खानेपानी आयोजनाहरु निर्माण गर्दै लगिनेछ ।

## ४ सिंचाई

४.१ आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेको मापदण्ड भित्र रही जिल्लाका कृषि योग्य भूमिलाई सिञ्चितगरी कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ । यसका लागि अन्य विकास साझेदार निकायहरुसँग समन्वय गरी जिल्ला सिंचाई गुरुयोजना तयार गरिनेछ ।

४.२ जीविकोपार्जन सुधारका लागि स्थानीय पूर्वाधार विकास कार्यक्रम (LILI) बाट विस्तृत अध्ययन गरिएका साना सिंचाई आयोजनाहरुको प्राथमिकीकरण गरी स्वीस सरकार विकास सहयोगमा चालु आ.व. बाटै संचालन हुने साना सिंचाई कार्यक्रम (SIP) मार्फत कार्यान्वयन गरिनेछ ।

४.३ सिंचाईका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरुसंगको संयुक्त साझेदारमा समुदायमा आधारित सिंचाई कार्यक्रमलाई ग्रामीण तहमा स्थापित गर्दै लगिनेछ ।

## ५. विद्युतीकरण तथा उर्जा

५.१ ओखलढुंगा सदरमुकाम क्षेत्रमा वितरण गरिएको केन्द्रीय प्रशारण लाईनलाई सम्भाव्यताका आधारमा जिल्लाका अन्य गा.वि.स.हरुमा विस्तार गर्दै लगिनेछ।

५.२ रामेछापबाट वितरण गरिएको केन्द्रीय प्रशारण लाइनलाई नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी जिल्लाका पश्चिम क्षेत्रका अन्य गा.वि.स.हरुमा समेत विस्तार गरिनेछ।

५.३ विद्युतीकरण नभएको ग्रामिण क्षेत्रहरुमा सोलार खरिदमा दिईदै आएको अनुदानलाई नेपाल सरकारको नीति अनुसार निरन्तरता दिईनेछ।

५.४ जिल्लाको विभिन्न क्षेत्रहरुमा निर्माण गरिएका लघु जलविद्युत आयोजनाहरुको दिगोपना कायम गर्न सहलगानीमा आयोजना सञ्चालन एबम् मर्मत सम्भार गर्ने नीति लिईनेछ।

## ६. वन तथा वातावरण

६.१ जलवायू परिवर्तन अनुकुलनका लागि सरकारी तथा गैरसरकारी निकायको सहकार्यमा स्थानीय अनुकुलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ।

६.२ गैरकाष्ठ वनपैदावर तथा जडीबुट्टी जस्ता विशेष आय आर्जन हुने वनजन्य वस्तुहरुको उत्पादन, संरक्षण वितरण र व्यवसायीकरण जस्ता कार्यक्रमलाई प्राथमिकता साथ अगाडी बढाईनेछ।

६.३ वनलाई स्थानीय समुदायको आय आर्जनको स्रोतकोरुपमा व्यवस्थित गरी स्थानीय अपनत्व बढाउदै वन डढेलो जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६.४ वन विनास गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। पर्यटकीय तथा धार्मिक महत्वका वर, पिपल, समी जस्ता वृक्षहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ।

६.५ जिल्लाको भौगोलिक अवस्थाको कारण बर्षेनी हुने नदी कटान तथा बाढी नियन्त्रणको लागि सहभागितात्मक नदी नियन्त्रण तथा वस्ती बचाउ कार्यक्रम संचालन गर्ने र नदीकटान नियन्त्रण गर्न भू-क्षय भएको क्षेत्रमा बेत, बांस तथा बैंस जस्ता बृक्षहरु रोपण गर्न समुदायलाई उत्प्रेरित गरिनेछ।

६.६ पूर्वाधार विकास कार्यहरुवाट वातावरणमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमाली २०५४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रक्रियालाई अवलम्वन गरिनेछ।

६.७ पूर्वाधार विकासका कार्यहरु संचालन गर्दा पुरातात्वीक एबम् साँस्कृतिक सम्पदाहरु, खानेपानीका मुहानहरु, पर्यटकीय पदमार्गहरु आदिमा क्षती नपुर्‍याउने नीति अवलम्वन गरिनेछ।

## ७. कृषि तथा पशु विकास

७.१ परम्परागत र निर्वाहमूखीरुपमा रहेको कृषिलाई विविधिकरण, आधुनिकीकरण एबम् व्यवसायीकरण गरी कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

७.२ अलैची, अदुवा, वेसार, कफी जस्ता नगदेवालीहरु र पाँच औले, चिराईतो, ठुलो ओखती, पाखनभेद जस्ता जडीबुट्टीहरुको व्यवसायीक उत्पादन एबम् वजारीकरण गर्ने किसिमका प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ।

७.३ उत्पादित कृषि उपजहरुको गुणस्तरलाई कायम राख्दै सुलभ वजार व्यवस्थाको लागि आधुनिक शीतभण्डार (Cold Store), कृषि उपज संकलन केन्द्र, वजार केन्द्र आदिको विकास गरिनेछ।

७.४ विगतका वर्षहरुमा परिक्षणकोरुपमा संचालित च्याउ, मह, मच्स्य पालन, पोषण सुधार लगायतका कार्यक्रमहरुवाट गरीवी घटाउन सहयोग पुगेकोले यी कार्यक्रमहरुलाई निरन्तरता दिईएकोछ।

७.५ पशुजन्य पदार्थको उत्पादनमा बृद्धि ल्याउन बाखापालन, बंगुरपालन, दुग्धजन्य पदार्थ उत्पादन तथा प्रसोधन, स्थानिय कुखुरा प्रबर्द्धन जस्ता कार्यक्रमलाई प्राथमिकता दिईएकोछ।

७.६. कम उत्पादनशील स्थानीय पशुहरुको नश्ल सुधार कार्यक्रहरुलाई शसक्त बनाईनेछ । पशुजन्य पदार्थको उत्पादन लागतमा कमी ल्याउन सामुदायिक बन, कबुलियति बन, प्रयोगमा नआएका जग्गाहरु, रोडसाईडको छेउछाउ, पहिरो गएको ठाउँ, बारीको डिलकान्ला आदिमा घास बिकास कार्यक्रम संचालन गरिनेछ ।

७.७. पशुपालन क्षेत्रमा महिलाहरुको योगदान करिब ७० प्रतिशत रहेकाले पशुपालन कार्यक्रममा महिला सहभागितालाई सशक्त बनाइनेछ ।

७.८. ब्यबस्थित बजार प्रणालीको बिकास गर्नका लागि बैज्ञानिक मूल्य पद्धतिको बिकास, ब्यबस्थित पशुहाट बजारको स्थापना, पशु संकलन केन्द्र स्थापना, गुणस्तरहिन पशुजन्य पदार्थलाई निरुत्साहित जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

७.९. ओखलढुंगा सदरमुकाम क्षेत्रलाई मुख्य आधार बनाई यस वरपर गाईभैसीपालन कार्यक्रम र दुग्धजन्य पदार्थको प्रसोधन र बजारीकरणलाई जोड दिईनेछ ।

७.१० यस जिल्लामा भेडापालन ब्यबसाय बिस्तारै घट्दै गएको हुँदा समस्याको पहिचान गरि भेडापालन ब्यावसायलाई प्रोत्साहन गरी राडीपाखी ब्यबसायको समेत प्रबर्द्धन गरिनेछ ।

## ८. पर्यटन विकास र संस्कृति प्रवर्द्धन

८.१ जिल्लाको पर्यटन विकासको लागि गुरुयोजना निर्माण गरी पर्यटनको माध्यमवाट ग्रामिण गरिवी न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

८.२ पूर्वको पशुपतिनाथ भनी चिनिने हलेसी महादेवस्थानमा आउने धार्मिक पर्यटकहरु, सगरमाथा पदयात्रामा आउने साहासिक पर्यटकहरु, ओखलढुंगाको साहित्यीक पर्यटकहरुलाई आकर्षित गरी जिल्लालाई Transit Point को रुपमा विकास गर्न "Sea to Mt. Everest" अभियानका साथ प्रवर्द्धनात्मक कायक्रर्महरु संचालन गरिनेछ । यसका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

८.३ ऐतिहासिकस्थल ओखलढुंगाको पूर्बाधार सुधार, दियालेको कोटगढी क्षेत्र संरक्षण, उबुंको लिब्जु गढी संरक्षण, देम्बाडाडा, गौरीवन, लगलगे र बर्णालुको थामडाँडा लगायतका अन्य पर्यटकीय स्थलहरुको संरक्षण र संबर्धनमा विशेष पहल गरिनेछ ।

८.४ रुम्जाटारलाई केन्द्रबनाई खोटाङको हलेसी, पत्ताले डाँडा, निशंखेमा केवुलकार सेवा संचालन गर्न निजीक्षेत्रको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

८.५ रुम्जाटारमा गुरुङ्गजातीको ऐतिहासिक व्यक्तित्व भ्रागल गुरुङ्ग र गायिका मेलवादेवीको स्तम्भ निर्माण गर्न पहल गरिनेछ ।

८.६ जिल्लामा रहेका महत्वपूर्ण धार्मिक एबम् साँस्कृतिकस्थलहरुको संरक्षण र विकास गरिनेछ ।

## ९. शिक्षा र खेलकुद

९.१ सन् २०१५ भित्रमा विद्यालय उमेरका सबै वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने एबम् सन् २०१५ भित्र पूर्ण साक्षर जिल्ला घोषणा गरिनेछ ।

९.२ दलित, असक्त, आदिबासी जनजाति, सिमान्तकृत, अल्पसंख्यक, उपेक्षित वर्गका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा प्राप्त गर्न विभिन्न प्राविधिक शिक्षालयहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

९.३ आधारभूत तथा माध्यमिक तहका सबै प्रधानाध्यापकहरुलाई नेनृत्व क्षमता विकास र सबै तहका शिक्षकहरुलाई पेशागत विकासको तालिम प्रदान गरिनेछ ।

९.४ विद्यार्थीसंख्या, दुरी तथा आवश्यकताका आधारमा विद्यालयको स्तरवृद्धि तथा समायोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९.५ विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको लागि सेवा प्रदायकहरुवीच समन्वय गरी सेवा संचालन गरिनेछ ।

९.६ सदरमुकाममा एक सुविधा सम्पन्न कवड्हलको निर्माण गर्न र सबै इलाकाहरुमा कम्तिमा १/१ वटा खेलमैदानको निर्माण/विकास गर्न केन्द्रीय निकायमा पहल गरिनेछ ।

## १०. स्वास्थ्य सेवा

१०.१ राष्ट्रिय स्वास्थ्य नीति, २०७१ अनुरुप नागरिकहरुलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न, स्वास्थ्य सेवालाई समुदायस्तरमा पुर्याई नागरिकको पहुँच अभिवृद्धि गर्न एवम् स्वास्थ्यका सुचाकांकहरुलाई सकारात्मक योगदान पुऱ्याउनका लागि यस क्षेत्रमा संलग्न निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०.२ सबै प्रकारका खोपहरु अनिवार्य प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गरी बाल मृत्युदरलाई घटाउदै लगिनेछ र सन् २०१६ भित्र जिल्लालाई पूर्ण खोपयूक्त जिल्ला घोषणा गरिनेछ ।

१०.३ नेपाल रेडक्रस सोसाईटीबाट सञ्चालन हुने रक्त सञ्चार (Blood Bank) सेवाको लागि केन्द्रीय जनस्वास्थ्य प्रयोगशालाबाट आवश्यक उपकरण प्राप्त भईसकेकोले ओखलढुंगा सामुदायिक अस्पतालसँगको सहकार्यमा तत्काल सेवा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।

१०.४ गर्भवती महिलाको गुणस्तरीय स्वास्थ्य अभिवृद्धि गरी मातृ मृत्युदर कम गर्न प्रसुती पूर्वको नियमित जाँच र स्वास्थ्य संस्थामा प्रसुती गराउन उत्प्रेरित गरिनेछ ।

१०.५ औलो, कालाजार, हात्तीपाईले रोग, क्षयरोग, कुष्ठरोग, एच.आइ.भी.तथा अन्य सङ्क्रामक रोगहरूको नियन्त्रण तथा निवारणका लागि आवश्यक पहल गरिनेछ ।

१०.६ ओखलढुंगा सामुदायिक अस्पतालको क्षमता विस्तार गरी १०० शैयामा बृद्धि गरी सुविधासम्पन असपतालको रुपमा सञ्चालन गर्न र १५ शैयामा सञ्चालित रुम्जाटार अस्पतालको क्षमता बृद्धि गरी ५० शैया बनाउन आवश्यक पहल गरिनेछ । जिल्लाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको स्तरोन्नती र सुविधा विस्तार गर्न प्रयास गरिनेछ ।

## ११. महिला तथा वालबालिका

### क) महिला

११.१ सामाजिक कुरीति, चेलीवेटी वेचविखन, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि युवा सहभागितामा सामाजिक जागरण वढाउने कार्यमा सवै सरकारी तथा गैरसरकारी संघ सस्था र स्थानीय सामुदायिक संगठनहरुसंग सहकार्य गरिनेछ ।

११.२ महिलाहरुलाई पेशागत व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक तालिम कार्यकमको साथै अतिविपन्न महिलाहरुलाई वस्तुगत टेवा सहित आर्थिक आत्मनिर्भरताका कार्यक्रमहरु संचालन गरी महिला सशक्तिकरणमा जोड दिइनेछ ।

११.३ लैगिंक उत्तरदायी शासन प्रणाली (Gender Responsive Governance) विकास गर्न स्थानीय संयन्त्रको क्षमता अभिवृद्धि गर्दै स्थानीय निकायको योजना तर्जुमालाई लैंगिक समतामूलक तथा समानतामा आधारित बनाईने र लैंगिक उत्तरदायि बजेट प्रणालीलाई स्थानीयकरण गरी कार्यान्वयन गरिनेछ ।

११.४ महिला विरुद्धका सवै विभेद, हिंसाको रोकथाम र नियन्त्रणका लागि कानूनी उपचार, सामाजिक संरक्षण तथा सहायतालाई प्रवर्द्धन गर्दै जिल्ला वार एसोसियसनका साथै महिला अधिकारका सवालमा कार्यरत सरकारी तथा गैरसरकारी निकायको कार्यजालो (Network) निर्माण गरी महिला कानूनी परामर्श तथा कानूनी उपचार केन्द्रको रुपमा विकास गरिनेछ । महिला हिंसामुक्त गाविस घोषणा गर्ने अभियान सुरु गरिनेछ ।

११.५ महिलाहरुमा अत्यधिक रुपमा प्रजनन् स्वास्थ्य समस्या देखिएकोले प्रजनन स्वास्थ्यको स्थिति सर्वेक्षण गरी सो समस्याको समाधान गर्न शिविर संचालन गरिनेछ ।

### ख. वालवालिका

११.६ वालमैत्री शासन प्रणालीको अवधारणा अनुरुप स्थानीय साझेदार सस्थाहरुसंगको सहकार्यमा वालविकास, संरक्षण तथा वालसहभागिताको सुनिश्चितताको लागि नमूना वालमैत्री विद्यालय निर्माण, व्यवस्थापन र संचालनमा जोड दिईनेछ ।

११.७ वालवालिका लक्षित कार्यक्रमहरु संचालन गर्दा जिल्लामा सो क्षेत्रमा काम गर्ने सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रको समेत समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११.८ बालश्रम र बालहिंसालाई निरुत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।

## १२. अपाङ्गगता

१२.१ अपाङ्गता पहिचानको निर्धारित आधार र मापदण्ड बमोजिम अपाङ्गता पहिचान गरी राज्यवाट प्रदान गरिने सेवा सुविधाहरु बर्गीकरणको आधारमा पाउने सुनिश्चिता गरिनेछ ।

१२.२ जिल्लामा निर्माण गरिने सार्वजनिकस्थल, सरकारी भवन, अस्पताल, विद्यालयहरुलाई अपाङ्गमैत्री रुपमा निर्माण गर्न पहल गरिनेछ ।

१२.३ जिल्ला अपाङ्ग समन्वय समितिको समन्वयमा जिल्लास्तरका योजनाहरुको तर्जुमा, कार्यन्वयन र अनुगमन गरिनेछ ।

## १३. जेष्ठ नागरिक

१३.१ समाजका अग्रज जेष्ठ नागरिकहरु समाजका अमूल्य नीधिका रुपमा रहनु भएकाले उहाँहरुको वाँकी जीवनयापनलाई अझ वढी सहज, सम्मानित एवम् मर्यादित वनाउन सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

१३.२ असहाय, एकल एवम् विपन्न आर्थिक अवस्था भई आफ्नो जीवनयापन गर्न कठीन परिस्थितिमा रहेका जेष्ठ नागरिकहरुलाई संरक्षण प्रदान गर्न सामाजिक संघसंस्थाको सहकार्यमा जिल्लामा बृद्धाश्रम संचालन गर्न पहल गरिनेछ ।

## १४. दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अल्पसंख्यक र उपेक्षित वर्ग

१४.१ सिमान्तकृत तथा पिछडिएको वर्गको संरक्षण गर्ने र ती वर्गहरुको विकासका लागि अन्य निकायहरुसंग समन्वय गरी शैक्षिक, सीप विकास तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४.२ दलित, आदिवासी, जनजाति र पिछडिएका वर्गको उत्थानको लागि उनीहरुको सवलीकरण गर्ने र परम्परागत सीप, दक्षता र विशेषज्ञतामा आधारित विशेष कार्यक्रम संचालन गर्न शैक्षिक विकास तथा रोजगारी श्रृजना गर्ने कार्यलाई प्रोत्साहित गदै लगिनेछ ।

१४.३ दलित, आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालय स्थापना गरिनुका साथै लोपोन्मुख भाषा तथा संस्कृतिको संरक्षणमा स्थानीय जाति, जनजाति र समुदायको सहभागिता अभिबृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

१४.४ प्रत्येक गाउँ विकास समितिहरुमा दलित तथा आदिबासी जनजातिहरुको समन्वय समिति गठन गरी ती समुदायको संस्थागत विकासमा जोड दिईनेछ ।

१४.५ आदिवासी जनजाति तथा दलित वर्गको उत्थानको लागि गठित जिल्ला समन्वय समितिसंगको समन्वयलाई प्रभावकारी तुल्याउन त्यस क्षेत्रमा क्रियाशिल सरोकारवालाहरुको अभिलेख तयार गरी समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने कार्यको थालनी गरिनेछ ।

१४.६ कानूनले अन्त्य गरीसकेको तर समाजमा अझै बिद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गर्न आफनै घरबाट शुरुवात गर्ने घरपरिवारलाई सम्मान गर्ने नीति लिईनेछ ।

## १५. मानव संसाधन विकास

१५.१ वैदेशिक रोजगारमा जान चाहने र स्वदेशमै रोजगार बन्न चाहने युवाहरुको सीप र दक्षता विकास गर्न सीपमूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

१५.२ जिल्लास्तरमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । जिल्ला विकास समितिको संगठन संरचनालाई समय सापेक्ष प्रभावकारी बनाउन संगठन विकास अध्ययन तथा तालिमहरुको आयोजना गरिनेछ र जि.वि.स. अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीलाई कार्य सम्पादन सूचकको आधारमा पुरस्कृत गर्ने नीति लिइनेछ । साथै जिल्ला विकास समितिबाट प्रवाह गरिने सेवा सुविधाहरुलाई अझ प्रभावकारी र सशक्त बनाउन जनशक्ति विकास योजना तर्जुमा गरी SBLL को सहयोगमा कार्यान्वयन गरिनेछ ।

१५.३ उपभोक्ता समितिहरुको कार्य संचालन तथा व्यवस्थापन क्षमता अभिबृद्धिको लागि तालिम दिईनेछ ।

१५.४ गाउँ विकास समितिका प्राविधिक/कार्यालय सहायकहरुलाई आधारभूत लेखा व्यवस्थापन तालिम दिई निजहरुवाट गाविसको कोष संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

## १६ सूचना तथा सञ्चार

१६.१ जिल्लामा हाल सञ्चालनमा रहेका आफ्नो एफ्.एम्, रमाईलो सामुदायिक रेडियो, रेडियो ओखलढुंलगायत जिल्लामा सञ्चालन हुने रेडियोहरु र सार्वजनिक, लेकबेंशी, ओखलढुंगा सन्देश, समृद्द नेपाललगायतका जिल्लाबाट प्रकाशन हुने पत्रिकाहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१६.२ संचार माध्यमको गुणस्तरमा वृद्धिगर्न र दियालेको कोटगढीमा टेलिफोन टावर निर्माणाधिन रहेको अवस्थामा खिजिकातीको डिकर्पु डाडा, गाम्नाङ्गटारको सिद्धस्थान, खिजि फलाटेको डुप्के डाडा र श्रीचौरको भालुथुम्का डाडामा थप टेलिफोन टावरको विस्तार गर्न विशेष पहल गरिनेछ ।

१६.३ जिल्ला सदरमुकाममा वितरण गरिएको ल्याण्ड लाइर्न टेलिफोन सेवालाई नगरपालिका क्षेत्रमा विस्तार गरिनेछ । नेपाल टेलिकमको ADSL Internet सेवालाई गुणस्तरिय बनाई क्षमता विकास गरिनेछ ।

१६.४ नेपाल पत्रकार महासंघ जिल्ला शाखासंगको सहकार्यमा संचारकर्मीहरुको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## १७. विपद् व्यवस्थापन

१७.१ नेपाल रेडक्रस सोसाईटीको ओखलढुंगावाट तयार भएको प्रकोप जोखिम न्यूनिकरण योजना (Disaster Risk Reduction Plan) विकास साझेदारको सहयोगमा कार्यान्वयन गर्दै लगिनेछ । यसमा जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशत्र प्रहरी, गाविस/न.पा., नेपाल रेडक्रस सोसाईटी, जिल्ला स्वास्थ्य कार्यालय, ओखलढुंगा सामुदायिक अस्पताल, नेपाल प्रहरी लगायतका सरकारी एबम् गैरसरकारी निकायहरुसंग प्रभावकारी समन्वय गरिनेछ ।

१७.२ विपद जोखिम न्यूनिकरणकालागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । ग्रामीण क्षेत्रमा हुन सक्ने सम्भावित विपदलाई ध्यान दिई **एक गाउँ एक पोखरी** निर्माण गर्दै लगिनेछ ।

## १८. अनुगमन

१८.१ जिल्ला विकास समिति र अन्तर्गतका विषयगत कार्यालयहरुका साथै गैरसरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र गाविसहरु मार्फत संचालित योजनाहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि नियमित अनुगमनका अतिरिक्त तेस्रो पक्ष अनुगमन (Third Party Monitoring) को समेत व्यवस्था मिलाईनेछ ।

## २. पर्यटन प्रवर्द्धन सम्बन्धमा

प्राकृतिक, सांस्कृतिक एबम् साहित्यीक दृष्टिले महत्वपूर्ण यस जिल्लामा उपलव्ध सम्पदाहरुको समुचित उपयोगबाट आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरी जिल्लावासीको समग्र आर्थिक तथा सामाजिक विकासमा पर्यटन क्षेत्रको योगदान पुर्‍याउन 'समुन्द्र देखि सगरमाथा पर्यटन अभियान ' संचालन गर्न प्रवद्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । यस जिल्लालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि ग्रामीण पर्यटन क्षेत्र विकास गुरुयोजना तयार गर्नपर्ने भएकोले सोका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, पर्यटन विकास वोर्डसमेतसंग आवश्यक समन्वय, सहयोग लिई अन्य जिल्लाको अनुभव समेतलाई ध्यानमा राखी यस जिल्लाको सन्दर्भमा उपयुक्त हुने ग्रामीण पर्यटन विकास गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

## ३. गैर सरकारी संघसंस्थासंगको प्रभावकारी समन्य सम्बन्धमा

जिल्लामा क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरुसंग समन्वयात्मकरुपमा विकास कार्यहरु संचालन गर्ने र गैर सरकारी सस्थाहरुहरुको प्रभावकारी नियमनका लागि SBLL को सहकार्यमा मापदण्ड एबम् निर्देशिका तयार गर्ने निर्णय गरियो ।

## ४. विनियम, निर्देशिका, कार्यविधि निर्माण सम्वन्धमा

जिल्ला विकास समितिवाट प्रवाह गरिंदै आएका सेवा सुविधाहरुलाई पारदर्शी तथा सुव्यवस्थित गर्दै थप प्रभावकारी तुल्याउन आवश्यक पर्ने नीति, विनियम, निर्देशिका, कार्यविधि वनाउनु पर्ने अवस्थामा यस परिषद्मा निहित अधिकार जिविसलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । उक्त नीति, विनियम, निर्देशिका, कार्यविधि वनाउन  कार्यदल गठन भएमा कार्यदलले कार्यालय समयभन्दा अतिरिक्त समयमा बसी काम गर्नु पर्ने अवस्थामा प्रति सदस्य प्रतिकार्य दिन परिवहन, खाना, खाजा र पकेट खर्च वापत एकमुष्ट रु.५००। उपलव्ध गराउने निर्णय गरियो ।

## ५. कर्मचारी सेवा सुविधा सम्वन्धमा

जिविसको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई यस अघिका परिषद्हरुवाट भएको निर्णयहरु बमोजिम प्रदान गरिएको सेवा सुविधाहरुलाई निरन्तरता दिने निर्णय गरियो । साथै यस कार्यालमा हाल दुवैजना कार्यक्रम अधिकृतहरु रिक्त रही कार्यालयको काम काजमा असहजता उत्पन्न भएकोले चालु पदपूर्ती प्रक्रिया सम्पन्न नहुँदा सम्मको लागि स्थानीय विकास कोषको सचिवालयमा कार्यरत कार्यकारी सचिव श्री उमेश कार्कीलाई उत्प्रेरणा स्वरुप रा.प. तृतिय श्रेणीको लागि नेपाल सरकारवाट निर्धारित सुरु तलब स्केलको आधा रकम उपलब्ध गराई जिविसको सामाजिक विकास अधिकृतकोरुपमा समेत काम काज गराउने निर्णय गरियो ।

## ६ आन्तरिक आय बृद्धि सम्वन्धमा

जिल्लाको आन्तरिक आय बृद्धि गर्नका लागि विगत परिषद्हरुवाट भएका निर्णयहरुलाई कार्यान्वयनमा लैजानुका साथै राजश्व परामर्श समितिको सिफारिसमा यस अघि COMAT मार्फत गरीएको सम्भाव्यता अध्ययनको आधारमा आयस्रोतको दायरा विस्तार एबम् दरहरुमा पुनरावलोकन गर्ने निर्णय गरियो । साथै स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम जिल्ला विकास

समितिले उठाउन पाउने कर राजश्व सम्वन्धमा कर राजश्वका दरहरु तोक्ने यस परिषद्मा निहित रहेको अधिकार जिविसलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**७. जिल्लामा संचालन हुने तालिम गोष्ठीको खर्च सम्वन्धी नर्म्स सम्वन्धमा**

जिविस र विषयगत कार्यालयहरुवाट संचालन हुने तालिम, गोष्ठी, सेमिनार, अनुशिक्षणजस्ता कार्यक्रमहरुमा श्रोत व्यक्ति, सहजकर्ता र सहभागीहरु समेतको लागि कार्यपत्र, स्टेशनरी तथा अन्य प्रशिक्षण सेवा, सुविधा खर्चको सम्वन्धमा परिमार्जन र समायोजन गरी उपयुक्त मापदण्ड स्वीकृत गरी लागू गर्नकालागि परिषद्मा निहित अधिकार जिविसलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**८. जिविसको पदपूर्ति प्रक्रियालाई निरन्तरता दिने सम्वन्धमा**

गणतन्त्र प्राप्ति पछिको तेस्रो जिल्ला परिषद्को निर्णयानुसार जिविसमा रिक्त पदहरु पूर्ति गर्नका लागि नारायणबहादुर सैंजुको अध्यक्षतामा गठीत पदपूर्ति समितिलाई निरन्तरता दिई पदपूर्ति प्रक्रियालाई सुरुचारु गराउने निर्णय गरियो ।

**९. अधिकार प्रत्यायोजन सम्वन्धमा**

आगामी आ.व. ०७२।७३ को प्रस्तावित कार्यक्रम तथा वजेटलाई कार्यान्वयनको सिलसिलामा आवश्यक संशोधन गर्ने र आगामी जिल्ला परिषद् हुनु अघि जिल्ला परिषद्बाट हुनुपर्ने सम्पूर्ण निर्णय गर्न जिविसलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**१०. निर्णय अनुमोदन सम्वन्धमा**

जिल्ला विकास समितिको वैठकबाट विभिन्न मितिमा हालसम्म भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**११. उपभोक्ता समितिलाई तालिम दिने सम्वन्धमा**

उपभोक्ता समिति मार्फत जिल्लामा संचालन हुने योजनाहरुको कार्यान्वयन क्षमता बिकास गर्न उपभोक्ता समितिहरुलाई योजना निर्माण/संचालन सम्वन्धि तालिम प्रदान गर्ने निर्णय गरियो ।

**१२. बेरुजु तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन सार्वजनिक सम्वन्धमा**

आ.व. ०५३/०५४ देखि आ.व. ०७०/०७१ सम्म पेश्की बेरुजु २,७७,४२,४८१।-, अशुल गर्नु पर्ने बेरुजु ३०,६३,९४७।- र अन्य बेरुजु १,८०,१०,८४३।- गरी कुल बेरुजु ४,८८,१७,२७१।- रहेकोमा चालु आ.व. ०७१/०७२ मा ११,३०,०००।- फछ्र्यौट भई ४,७६,८७,२७१।- बेरुजु बाँकी रहेको छ । फछ्र्यौट गर्न बाँकी रहेको बेरुजुको विश्लेषण गरी बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिन १ जना जनशक्ति सेवा करारमा लिई बेरुजु फछ्र्यौटको कार्य गराउने निर्णय गरियो । साथै आ.व. ०७०/७१ को अन्तिम लेखापरिक्षणवाट प्राप्त प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरियो ।

**१३. जिविसको जनशक्ति विकास योजना तर्जुमा सम्वन्धमा**

जिविसको वर्तमान सन्दर्भमा वढ्दै गएको कार्यवोझ तथा संस्थाको उद्धेश्य, जिम्मेवारी र आवश्यकता परिपूर्ति गर्नको लागि कार्यरत जनशक्तिको क्षमता विकास गर्नु जरुरी हुने भएकाले जनशक्ति विकास

योजना तर्जूमा गरी कार्यान्वयन गर्न जिल्ला परिषद्मा निहित अधिकार जिविसलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१४. आ.व. २०६९/०७० को यस जिविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकनको नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

**१५ योजनाको निरन्तरता सम्वन्धमा**

गत वर्षको परिषद्ले चालु आ.व. ०७१/०७२ मा SBLL को स्रोतवाट कार्यान्वयन गर्ने गरी छनौट गरिएका योजनाहरुलाई आगामी आ.व. ०७२/०७३ मा निरन्तरता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**१६. योजना पारित भएको सम्बन्धमा**

गाउँ परिषद्, इलाकास्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत योजना तर्जुमा समितिको बैठक, एकिकृत तर्जुमा समितिको बैठकहरुवाट पारित हुँदै आएका योजनाहरुलाई पारित गर्ने निर्णय गरियो । पारित भएका योजनाहरुको विवरण अनुसूचीमा समेटिएकोछ ।

**१७. केन्द्रीयस्तरवाट संचालन हुनुपर्ने योजना तथा कार्यक्रम सम्वन्धमा**

निम्नबमोजिमका योजनाहरु जिल्लाका प्राथमिकता पुर्ण आयोजनाहरु भएकोले केन्द्रीयस्तरवाट संचालन हुने कार्यक्रममा समावेश गरी संचालन गर्नकालागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

१. सिद्धिचरण नगरपालिका क्षेत्रका लागि बृहत खानेपानी योजना ।
२. मोलुङ्ग एक्वार मोटरवाटो निर्माण ।
३. लिखु एक्वार, दुधकोशी एक्वार मोटरवाटो निर्माण ।
४.गुरुयोजना निर्माण गरी ऐतिहासिक ओखलढुंगा, सिद्धिचरण संग्राहलय र श्रष्टापार्क निर्माण ।
५. साँघुटार-कोषभन्ज्याङ्ग-ओखलढुंगा सडक कालोपत्रे ।
६. निशंखे-मूलघाट-हलेसी सडक स्तरोन्नती सहित दुधकोशी नदीमा मोटरेवल पुल निर्माण ।
७. जिल्लामा सुविधा सम्पन्न बृद्धाश्रम निर्माण ।
८. समग्र जिल्लालाई विद्युतीकरण गर्ने तथा मोलुङ्ग खोलावाट राज्य र जनताको लगानीमा विद्युत उत्पादनको विशेष कार्यक्रम सञ्चालन ।

**१८. विषयगत नीतिहरु पास गरिएको सम्बन्धमा**

विभिन्न विषयगत कार्यालयहरुवाट मस्यौदा तयार भई जिविसमा पेश भएको र सरोकारवालाहरुसंग छलफल गरी अन्तिमरुप दिईएको जिल्लास्तरीय वातावरण संरक्षण नीति, जिल्लास्तरीय कृषि नीति, जिल्लास्तरीय भारी उपकरण (Heavy Equipment) संचालन नीति, जिल्लास्तरीय बालबालिका नीति, जिल्लास्तरीय पशु विकास नीति, खानेपानी सरसफाई तथा पोषण (Water, Sanitation and Hygine-WASH) नीति/योजना पारित गर्ने निर्णय गरियो ।

## १९. जिविसको संगठन संरचना

जिविसको देहाय बमोजिमको संगठन संरचना पारिच गर्ने निर्णय गरियो ।

जिल्ला विकास समितिको कार्यालय ओखलढुंगाको कर्मचारी दरवन्दी संरचना

निजामति सेवातर्फ

| सि.नं | पद | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय विकास अधिकारी | रा.प.द्धितीय | १ | - | - | स्थायी | |
| २. | योजना, अनुगमन तथा प्रशासकीय अधिकृत | रा.प.तृतीय | १ | - | - | स्थायी | |
| ३. | लेखा अधिकृत | रा.प.तृतीय | १ | - | - | स्थायी | |
| ४. | लेखापाल | रा.प.अनं प्रथम | १ | - | - | स्थायी | |
| ५. | लेखापाल | रा.प.अनं प्रथम | १ | - | - | स्थायी | |

**प्रशासन अनुदान तर्फ**

| सि.नं. | पद | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६. | कार्यक्रम अधिकृत | अधिकृत स्तर छैटौं | २ | - | २ | | सामाजिक विकास अधिकृत १ र सूचना अधिकृत १ |
| ७. | सबइन्जिनियर | सहायक स्तर पाँचौं | ४ | २ | २ | स्थायी | |
| ८. | नायव सुव्वा | सहायक स्तर पाँचौं | २ | २ | २ | स्थायी | |
| ९. | लेखापाल आ.ले.प. | सहायक स्तर पाँचौं | १ | १ | - | स्थायी | |
| १०. | सहलेखापाल आ.ले.प. | सहायक स्तर चौथो | १ | - | १ | स्थायी | |
| ११. | लेखापाल आ.प्र. | सहायक स्तर पाँचौं | १ | १ | - | स्थायी | |
| १२. | सहलेखापाल आ.प्र. | सहायक स्तर चौथो | १ | - | १ | स्थायी | |
| १३. | खरिदार | सहायक स्तर चौथो | ५ | २ | ३ | स्थायी | |
| १४. | कम्प्युटर अपरेटर | सहायक स्तर पाँचौं | २ | १ | १ | स्थायी/सेवा करार | प्रशासन अनुदानतर्फ १ र आन्तरिक स्रोततर्फ १ |
| १५ | असिस्टेन्ट सबइन्जिनियर | सहायक स्तर चौथो | ५ | ५ | - | करार | गाविस अनुदान |
| १६. | हल्का सवारी चालक | श्रेणी विहिन | २ | २ | - | सेवा करार | आन्तरिक स्रोत |
| १७. | हेल्पर सवारी चालक | श्रेणी विहिन | १ | १ | - | सेवा करार | आन्तरिक स्रोत |
| १८. | कार्यालय सहयोगी | श्रेणी विहिन | ९ | ७ | २ | स्थायी-४, सेवा करार-५ | प्रशासन अनुदानतर्फ-६, अतिथिगृह तर्फ-२, आन्तरिक स्रोततर्फ १ |

## २०. कार्यक्रम तथा बजेट पारित सम्वन्धमा

यस जिविस अर्न्तातका कार्यालयहरुको चालु आ.व. ०७१/०७२ को संशोधित आय अनुमान चालुतर्फ रु. २४ करोड ४४ लाख ९० हजार २६१ पैसा ६० र पुँजीगततर्फ ४६ करोड २० लाख ५६९ पैसा ७१ गरी कुल रु. ७० करोड ६४ लाख ९० हजार ८३१ पैसा ३१ रहेको छ। आगामी आ.व. ०७२/०७३ को लागि चालु तर्फ २६ करोड ७६ लाख ८० हजार र पुँजीगततर्फ रु. ४६ करोड १ लाख ६३ हजार गरी कुल रु. ७२ करोड ७८ लाख ४३ हजार बजेट प्रस्ताव गरेकोछु। आगामी आ.व. ०७२/०७३ मा जिल्लास्तरवाट संचालन हुने समग्र बजेट उपशीर्षकहरुको प्रस्तावित बजेट चालुतर्फ ५१ करोड २ लाख ९० हजार ७ सय र पूजिगततर्फ रु. ६७ करोड ४१ लाख १ हजार गरी कुल रु. १ अर्ब १८ करोड ४३ लाख ९१ हजार ७ सयको बजेट सिलिङ्ग राष्ट्रिय योजना आयोगवाट प्राप्त भएको छ। चालु आ.व. ०७१/०७२ को संशोधन र आगामी आ.व. ०७२/०७३ को प्रस्तावित बजेट उपशीर्षकगत र कार्यक्रमगत रुपमा (आय व्यय विवरण) निम्नानुसार पारित गर्ने निर्णय गरियो।